# किस्पाङ गाउँपालिका शिक्षा समितिमा पेश गरिएको

किस्पाङ गाउँपालिकामा पाठ्यपुस्तक एकरुपता ल्याउनको लागि गठित कार्यदलले तयार पारेको प्रतिवेदन

**प्रतिवेदन पेश गरिएको मिति : २०८० / ०१/०५**

संयोजक : क्षेत्र बहादुर तामाङ

सदस्य : पवन कुमार पौडेल

सदस्य : सुरेन्द्र राज भट्ट

किस्पाङ गाउँपालिकामा पाठ्यपुस्तक एकरुपता ल्याउनको लागि किस्पाङ गाउँपालिका शिक्षा समितिको मिति २०८०/०१/०२ गते बसेको बैठकले किस्पाङ गाउँपालिका शिक्षा समितिका सदस्य श्री क्षेत्र बहादुर तामाङको अध्यक्षतामा श्री ज्ञान ज्योति माध्यमिक विद्यालयका प्र० अ० श्री सुरेन्द्र राज भट्ट र ऐसेलुभूमे माध्यमिक विद्यालयका प्र० अ० श्री पवन कुमार पौडेल सदस्य रहनेगरि तिन सदस्य कार्यदल गठन गर्यो। जिम्मेवारी प्राप्त भएको जानकारी भएपश्चात कार्यदलले मिति २०८०/०१/०३ गते तत्काल बैठक बसी जिम्मेवारी पुरा गर्ने निर्णय लियो। तिन सदस्यीय कार्यदलले नाम चलेका सामुदायिक विद्यालयहरुको अबलोकन भ्रमण गरि किस्पाङ गाउँपालिका शिक्षा समिति समक्ष प्रतिवेदन पेश गर्नको लागि २०८०/०१/०४ गते नुवाकोटको अब्बल सामुदायिक विद्यालय श्री पृथ्वी मा० वि० बिदुर, काठमाडौँको तरुण मा० वि० बालाजु र ज्ञानोदय मा ० वि ० बाफलको अवलोकन भ्रमण गर्यो। भ्रमणका अवसरमा ति विद्यालयका प्र० अ० संग गरिएको संवाद एवं अवलोकनको आधारमा असल अभ्यासका लागि निम्न बुंदा समावेश गर्दछौं।

**पृथ्वी मा ० वि ० बिदुर नुवाकोट**

- कक्षा १ देखि कक्षा १० सम्म अंग्रेजी माध्यममा अध्यापन गर्दा तत्कालिन जि० शि० का० ले समेत स्पष्टिकरण सोधेको,
- २०७२ सालबाट सबै कक्षाहरुमा अंग्रेजी माध्यममा पढाई संचालन,
- सुरु सुरुमा नेपाल सरकारकै अंग्रेजी अनुवाद गरिएका पुस्तक पढाइएको तर त्यो भित्र रहेको बिषयवस्तु अपुग भएको महसुश,
- निजि प्रकाशनका किताबहरुमा विसयबस्तु पर्याप्त भएको तर फरक फरक प्रकाशनका पाठ्यपुस्तक प्रयोग गर्नु उचित हुने,
- नेपाली बिषयसंग नेपाली ब्याकरण, अंग्रेजी बिषयसंग अंग्रेजी ब्याकरण पढाउनु आवश्यक,
- बिज्ञान बिषयलाई अंग्रेजी माध्यममानै पढाउनुपर्ने,
- कक्षा १ देखि तिन सम्म नेपाली गणित पढाउन आवश्यक, साथमा अंग्रेजी भाषामा अर्को गणित पढाउन आवश्यक,
- गुणस्तरमा विशेष ध्यान दिनु आवश्यक,
- केहि सामान्य खालका विषयलाई कम महत्त्व दिएर गणित, बिज्ञान र अंग्रेजी जस्ता बिषयहरुलाई बढी समय दिंदा राम्रो नतिजा आउन सहयोग हुने,
- योजना बनाएर कार्यन्वयन गर्न जरुरी,
- हालसम्म २३१ जना ए प्लस, ७२ जना ४ जीपीए ल्याउन सफल,
- अभिभावक संग नियमित भेटघाट,
- बच्चाहरुको व्यवहार समेत परीक्षण गर्नुपर्ने,
- अंग्रेजी माध्यमले मात्रै सुधार हुन्छ भन्ने छैन।
- हरेक विद्यालय हरुले विद्यार्थी परामर्शलाई अनिबार्य रुपमा लागु गर्नु पर्छ।
- पढाउन नसक्ने शिक्षक हरुले सुरक्षित अवतरण गरे।
- कक्षा १ देखि ५ सम्म बढी ध्यान दिन जरुरी छ।




तरुण मा ० वि ० बालाजु, काठमाडौं

- कक्षा १ देखि कक्षा १० सम्म अंग्रेजी माध्यममा अध्यापन, विद्यार्थी संख्या २,०१४ जना,
- बि० नि० लाई समेत बि० व्य० स० सदस्यमा राखिएको ,
- बि० व्य० स० संग नियमित सहकार्य हुने,
- विद्यालयमा सरसफाई कायम गर्नको लागि सरसफाई समितिको गठन भएको,
- नेपाली बिषयसंग नेपाली ब्याकरण, अंग्रेजी बिषयसंग अंग्रेजी ब्याकरण पढाई हुने ,
- बिज्ञान बिषयलाई अंग्रेजी माध्यममानै पढाउनुपर्ने,
- कक्षा १ देखि तिन सम्म नेपाली गणित पढाउन आवश्यक, साथमा अंग्रेजी भाषामा अर्को गणित पढाउन आवश्यक,
- अनुशाशन कायम गर्न गलत काम गर्ने लाई सस्पेन्समा राख्ने र आवश्यक परेमा हटाउने समेत गरिएको ,
- केहि सामान्य खालका विषयलाई कम महत्त्व दिएर गणित, बिज्ञान र अंग्रेजी जस्ता बिषयहरुलाई बढी समय दिंदा राम्रो नतिजा आउन सहयोग हुने,
- थप कोचिंङ कक्षा बैशाख बाट नै नियमित , दशैं अगाडी सबै विषयबस्तु पढाईसक्ने, दशैं तिहार को बिचमा परीक्षा संचालन गरिएको, ( ९ र १० को हकमा )
- अभिभावक संग नियमित भेटघाट,
- टेस्ट पपेर फरक फरक ठाउंमा जांच गर्न लगाउने,
- नतिजा प्रकाशन गर्दा उत्कृष्ट विद्यार्थीलाई खाममा राखेर पैसानै पुरस्कारको रुपमा दिने,

- १ वर्ष सेवा प्रदान गरेका शिक्षकलाई दश दिन, २ बर्ष सेवा गरेका शिक्षकलाई २० दिनको र ३ वर्ष भन्दा बढी सेवा गरेका शिक्षकहरुलाई १ महिना बराबरको थप तलबको व्यवस्था,
- पर्ब विदा र क्याजुअल बिदा बचत गर्ने शिक्षकहरुलाई जतिदिन बिदा बाँकि छ त्यति दिन बराबरको तलब थप दिने, त्यसो हुँदा कोहि पनि धेरै बिदामा बस्दैनन्,
- उपस्थित भएको दिन गनेर प्रति दिन १०० रुपैंया खाजा खर्च दिने,
- अनुपस्थित हुने विद्यार्थीहरुलाई प्रत्येक दिन फोन गरेर जानकारी लिने,
- राम्रो हुनुको मुख्य कारण पढाईलाई नै जोड दिनु हो ।




ज्ञानोदय मा० वि० बाफल काठमाडौँ

- जम्मा विद्यार्थी संख्या ४७०० जना,
- प्राबिधिक धार अन्तर्गत सिभिल इन्जिनियर को पढाई हुने,
- ११ र १२ मा कानुन र ब्यबस्थापन संकायमा पढाई हुने ,
- कक्षा १ भन्दा अगाडी ३ वटा कक्षा रहेको,
- यो वर्षबाट ७ वटा पिरियड मात्र ,
- अंग्रेजी माध्यमबाट पढाई हुने,

- कक्षा १ देखि तिन सम्म नेपाली गणित पढाउन आवश्यक, साथमा अंग्रेजी भाषामा अर्को गणित पढाउन आवश्यक,
- अनुशाशन कायम गर्न विद्यार्थी आफैलाई जिम्मेवार बनाईएको,
- प्रत्येक कक्षामा कक्षा मोनिटरको व्यवस्था,
- थप कोचिंङ कक्षा बैशाख बाट नै नियमित,
- अभिभावक संग नियमित भेटघाट,
- पुरस्कारनै उत्प्रेरणाको स्रोत,
- ल्याबको राम्रो व्यवस्था भएको,
- एउटा खाली क्लासमा गएबापत ५० रुपैंया दिने व्यवस्था,
- पर्ब विदा र क्याजुअल बिदा बचत गर्ने शिक्षकहरुलाई जतिदिन बिदा बाँकि छ त्यति दिन बराबरको तलब थप दिने, त्यसो हुँदा कोहि पनि धेरै बिदामा बस्दैनन्,
- उपस्थित भएको दिन गनेर प्रति दिन ५० रुपैंया खाजा खर्च दिने,
- अनुपस्थित हुने विद्यार्थीहरुलाई प्रत्येक दिन फोन गरेर जानकारी लिने,
- राम्रो हुनुको मुख्य कारण पढाईलाई नै जोड दिनु हो।



यी अब्बल सामुदायिक विद्यालयहरुको अबलोकन र त्यहाँ प्रयोग गरिएका पाठ्यपुस्तक हरुलाई अवलोकन गरेर साथै हाम्रो अवस्थाको अध्ययन गरेर तपसिल अनुसारको पाठ्यपुस्तक लागु गर्नको लागि सिफारिस गर्दछौं।

**<u>तपसिल</u>**

**कक्षा नर्सरी / के० जी०**

नर्सरी – आठराई प्रकाशनको सेट

के० जी० – आठराई प्रकाशनको सेट

**कक्षा १-३ सम्म**

| क्र० स० | विषय | प्रकाशन | कैफियत |
|---|---|---|---|
| १ | नेपाली | CDC | |
| २ | नेपाली ब्याकरण | बिद्यार्थी | |
| ३ | Mirror English | Readmore | |
| ४ | Maxim English Grammar | Readmore | |
| ५ | गणित | CDC | |
| ६ | Link Maths | Readmore | |
| ७ | सेरोफेरो | CDC | |
| ८ | Science | बिद्यार्थी | |
| ९ | GK | Ekta | सेरोफेरो संग जोडेर पढाउने |

**कक्षा ४-५ सम्म**

| क्र० स० | विषय | प्रकाशन | कैफियत |
|---|---|---|---|
| १ | नेपाली | CDC | |
| २ | नेपाली ब्याकरण | बिद्यार्थी | |
| ३ | Mirror English | Readmore | |
| ४ | Maxim English Grammar | Readmore | |
| ५ | Maths | Vedanta | |
| ६ | Link Maths | Readmore | |
| ७ | Social | Readmore | |
| ८ | Science | बिद्यार्थी | |
| ९ | GK | Ekta | Social संग जोडेर पढाउने |

**कक्षा ६**

| क्र० स० | विषय | प्रकाशन | कैफियत |
|---|---|---|---|
| १ | नेपाली | CDC | |
| २ | नेपाली ब्याकरण | बिद्यार्थी | नेपाली संग जोडेर पढाउने |
| ३ | Mirror English | Readmore | |

| | | | |
|---|---|---|---|
| ४ | Maxim English Grammar | Readmore | अंग्रेजी संग जोडेर पढाउने |
| ५ | Excel Maths | Vedanta | |
| ६ | Maths | Readmore | |
| ७ | Social | Readmore | |
| ८ | Science | बिद्यार्थी | |
| ९ | Health and Physical | Ekta | |
| १० | Computer | Swornim | |

**कक्षा ७**

| क्र० स० | विषय | प्रकाशन | कैफियत |
|---|---|---|---|
| १ | नेपाली | CDC | |
| २ | नेपाली ब्याकरण | बिद्यार्थी | नेपाली संग जोडेर पढाउने |
| ३ | Mirror English | Readmore | |
| ४ | Maxim English Grammar | Readmore | अंग्रेजी संग जोडेर पढाउने |
| ५ | Excel Maths | Vedanta | |
| ६ | Opt. Maths | Vedanta | |
| ७ | Social | Readmore | |
| ८ | Science | बिद्यार्थी | |
| ९ | Health and Physical | Ekta | |
| १० | Computer | Swornim | |

**कक्षा ८**

| क्र० स० | विषय | प्रकाशन | कैफियत |
|---|---|---|---|
| १ | नेपाली | CDC | |
| २ | नेपाली ब्याकरण | बिद्यार्थी | नेपाली संग जोडेर पढाउने |
| ३ | English | CDC | |
| ४ | Maxim English Grammar | Readmore | अंग्रेजी संग जोडेर पढाउने |
| ५ | Excel Maths | Vedanta | |
| ६ | Opt. Maths | Vedanta | |
| ७ | Social | Readmore | |
| ८ | Science | बिद्यार्थी | |
| ९ | Health and Physical | Ekta | |
| १० | Account | Readmore | |

**कक्षा ९/१०**

कक्षा ९ र १० को हकमा अनिवार्य बिषयहरु नेपाल सरकारले तोके बमोजिम लागु गर्ने र ऐच्छिक प्रथम र ऐच्छिक दोस्रो पत्र बिद्यालयमा उपलब्ध जनशक्तिको आधारमा विद्यालयले नै छनौट गर्ने ।